# सरुवा भएका कर्मचारीलाई विदाई तथा शुभ दिपावली एवं छठको शुभकामना कार्यक्रम ।

यस धादिङ जिल्ला अदालतमा कार्यरत डिठ्ठा श्री दिनेशकुमार आचार्यलाई आज मिति २०७६/०७/०७ गते शुभकामना सहित बिदाई गरिएको छ । यस अदालतमा मिति २०७४/१२/१३ गते स्थायी नियुक्ति लिई हालसम्म निरन्तर कामकाज गरिरहनु भएका आचार्यको काठमाण्डौ जिल्ला अदालतमा मिति २०७६/०६/३० गतेको उच्च अदालत पाटनबाट सरुवा भएको थियो । आचार्यलाई माननीय जिल्ला न्यायाधीश श्री देवेन्द्र पौडेलज्यूबाट सफल कार्यकालको शुभकामना सहित मायाको चिनो प्रदान गर्नुभएको कार्यक्रममा अदालतका श्रेष्तेदार नवराज दंगालज्यूले शुभकामना र बधाई समेत दिनुभएको थियो ।

साथै उक्त कार्यक्रममा जिल्ला न्यायाधिबक्ता श्री बालकृष्ण वाग्ले र बार इकाई धादिङका अध्यक्ष श्री रामकृष्ण अधिकारी समेतले आचार्यलाई शुभकामना दिँदै आउँदै गरेको शुभ दिपावली तथा छठको उपलक्ष्यमा शुभकामना ब्यक्त गर्नुभएको हो । विदाई तथा शुभकामना आदानप्रदान कार्यक्रममा विदाई हुनुभएको आचार्यले आफू भविष्यमा न्याय क्षेत्रमा नै रहेर राष्ट्र र जनताको सेवामा समर्पित भई अगाडी बढ्ने आकंक्षा रहेको बताउनुभयो ।







